# श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड

Shrijanshil Laghubitt Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय, गोलबजार ७ चोहर्वा (सिराहा)

फोन नं. ०३३-४०१०४५, ४०१०८४

Email: info@shrijanshil.com.np, Website: shrijanshil.com.np


## विशेष साधारण सभा सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/०२/०२ गते)**

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७६/०१/२७ (तदनुसार १० मई, २०१९) को २१औं बैठकको निर्णय बमोजिम विशेष साधारण सभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७६ जेष्ठ १८ गते शनिवार (१ जून २०१९)

समय : विहानको ११ : ०० बजे

स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, गोलबजार ७ चोहर्वा, सिराहा

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आ.व. ०७५/०७६ को लेखापरीक्षण गराउनका लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

२. बीमा एजेन्ट भई कार्य गर्ने सम्बन्धमा ।

३. विप्रेशन सेवा सञ्चालन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको वर्तमान अधिकृत पूँजी रु. २००,०००,०००।०० (अक्षरेपी बीस करोड मात्र) बाट बृद्धि गरी रु. ५००,०००,०००।०० (अक्षरेपी पचास करोड मात्र) पुऱ्याउने ।

२. संस्थाको वर्तमान जारी पूँजी रु. १००,०००,०००।०० (अक्षरेपी दश करोड मात्र)बाट बृद्धि गरि रु. २००,०००,०००।०० (अक्षरेपी बीस करोड मात्र) पुऱ्याउने ।

३. संस्थाको वर्तमान चुक्ता पूँजी रु. ७०,०००,०००।०० (अक्षरेपी सात करोड मात्र) बाट बृद्धि गरि रु. १४,००,००,०००।०० (अक्षरेपी चौध करोड मात्र) पुऱ्याउने ।

४. वित्तीय संस्थाको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

५ वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारण सभा सम्बन्धि सामान्य जानकारी :**

१. विशेष साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरुले आफनो परिचय खुल्ने कुनै परिचय-पत्र अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

२. विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धि निवेदन सभा शुरु हुनुभन्दा ७२ घण्टा अगावै विहान ११ : ०० बजे भित्र यस संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा दर्ता गराई सक्नु पर्नेछ । शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि नियुक्त गर्न पाइनेछैन ।

३. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि मुकरर गरेमा प्रतिनिधि स्वतः बदर हुनेछ । तर प्रतिनिधि दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि स्वतः बदर भएको मानिनेछ ।

४. प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ ।

५. विशेष साधारण सभामा भाग लिन आउँदा-जाँदा लागेको खर्च लगायत सबै प्रकारको खर्चको शोधभर्ना संस्थाले नदिने व्यहोरा अनुरोध छ ।

६. अन्य जानकारी चाहिएमा यस संस्थाको केन्द्रीय कार्यालय गोलबजार ७, चोहर्वा, सिराहामा सम्पर्क गर्न हुन अनुरोध छ ।